त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

मिति: २०८३।०२।१८

**लघु अनुसन्धानका लागि प्रस्ताव आह्वानसम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट वार्षिक रुपमा प्रदान गरिने लघु अनुसन्धान अन्तर्गत अनुसन्धान गर्नका लागि आवश्यक योग्यता पुगेका शिक्षकहरूबाट २०८३ असार १२ गतेभित्र यस डीन कार्यालयमा आइपुग्ने गरी तोकिएको ढाँचामा प्रस्ताव आह्वान गरिएको छ। प्रस्तावकले तल उल्लेखित योग्यता पुगेका एक जना निर्देशक (Mentor) छानी उहाँबाट सहमतिसमेत लिनुपर्नेछ। तोकिएको समयावधिभित्र https://forms.office.com/r/qyaYBSczVj मा गई अनलाइनल आवेदन फाराम भरी प्रस्ताव पठाउन सकिनेछ। प्रस्तावपत्रका साथ बौद्धिक चोरी परीक्षण (Plagiarism checking ) को रिपोर्ट अनिवार्य रुपले बुझाउनुपर्नेछ। Similarity index १२ प्रतिशतभन्दा माथि भएको प्रस्ताव स्वीकार्य हुने छैन। लघुअनुसन्धान कार्यको मापदण्ड लगायत विस्तृत जानकारी यसै सूचना साथ संलग्न छ।

सहायक डीन

टेलिफोन: ९७७–१–४३३०८४४, ४३३१७५५ (प्रशासन), ४३३०१२० (परीक्षा)
Website: https://iost.tu.edu.np/ E-mail: info@iost.tu.edu.np, exam@iost.tu.edu.np

**लघु अनुसन्धान कार्यको मापदण्ड**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट प्रदान गरिने लघु अनुसन्धान वृत्ति प्राप्त गर्नका लागि पेस गरिने प्रस्तावमा निम्न मापदण्ड पूरा भएको हुनुपर्नेछ:

क) सम्बन्धित विषय अन्तर्गत रही समस्या पहिचान गरी सो सम्बन्धमा पूर्व कार्य समीक्षा गरी मूल समस्या पहिचान गरिएको र यसका आधारमा समस्या समाधान गर्ने हेतुले अनुसन्धान परिकल्पना तयार पारिएको हुनुपर्नेछ।

ख) पहिचान गरिएका समस्याहरूलाई अनुसन्धानका विधि र पद्धतिद्वारा हल गर्न सक्ने हुनुपर्नेछ।

ग) प्रस्तावमा उल्लेखित शीर्षक/उप शीर्षक भित्र रही अनुसन्धान कार्य तथा लेखन मौलिक प्रकृतिको हुनुपर्नेछ।

घ) अनुसन्धान कार्यको प्रतिवेदन लेखन गरी समापन गर्दासम्म उक्त कार्य अनुसन्धानका विधि, पद्दति र सीमा भित्र रही गरेको हुनुपर्नेछ।

ङ) राष्ट्रिय प्राथमिकतामा रहेका परियोजनाहरूलाई सघाउ पुऱ्याउने प्रस्तावलाई प्राथमिकता दिइनेछ।

**लघु अनुसन्धानकर्ताको योग्यता**

यस विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका देहायबमोजिमका शिक्षकहरूले लघुअनुसन्धान कार्यका लागि आवेदन दिन पाउनेछन्।

क) विद्यावारिधि नगरेका शिक्षकहरू।

ख) पूर्णकालीन शिक्षकहरू।

ग) निम्नानुसारका योग्यता पुगेका आंशिक शिक्षकहरू:

अ) B.Sc. चौथो वर्षको कार्यक्रममा संलग्न भएको।

आ) कम्तीमा ३ जना विद्यार्थीहरूको project work को सुपरिवेक्षण वा सहसुपरीवेक्षण गराइसकेको वा SCImago Listed जर्नलमा प्रथम लेखक भई कम्तीमा एउटा लेख प्रकाशित गरेको।

घ) यस अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरूमा अनवरत ३ वर्षदेखिको कार्यअनुभव भएका शिक्षकहरू।

ङ) देहाय बमोजिमको अवस्थामा लघुअनुसन्धान कार्यका लागि निवेदन दिन पाइनेछैन।

**अ)** आवेदन दिने बेलामा अध्ययन, स्वाअध्ययन वा बेतलवी बिदामा बसेका वा सम्बन्धित क्याम्पस बाहिर बेतलवी काजमा गएका शिक्षकहरू।

**आ)** विश्वविद्यालयको कुनै पनि सावधिक प्रशासनिक पदमा पूरा समय काम गर्ने गरी नियुक्त शिक्षकहरू सो पदमा कायम रहुन्जेलसम्म।

**इ)** विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट यसभन्दा अगाडि दुई पटकसम्म PI वा Co-PI भई अनुसन्धान वृत्ति पाएका शिक्षकहरू।

**ई)** त्रि.वि.को अनुसन्धान केन्द्र, विश्वविद्यालय अनुदान आयोग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबाट सोही आर्थिक वर्षमा Co-PI वा Group Member भई अनुसन्धानकर्ताका रुपमा वृत्ति पाएका शिक्षकहरू।

## निर्देशक (Mentor) को योग्यता

अनुसन्धान कार्यको निर्देशक (Mentor) का लागि तलका मध्ये कुनै एक योग्यता पुगेको हुनुपर्नेछ:

१. त्रि.वि.मा कार्यरत सम्बन्धित विषयमा मुख्य लेखक (principal author) वा सम्बद्ध लेखक (Corresponding author) भई SCImago Listed जर्नलमा कम्तीमा तीनवटा लेख प्रकाशित गरेका विद्यावारिधि उपाधि प्राप्त स्थायी प्राध्यापक, सहप्राध्यापक वा उपप्राध्यापक हुनुपर्नेछ ।

२. विगतमा सम्बन्धित विषय वा क्षेत्रमा अनुसन्धान कार्य गरेका वा गराएका त्रिभुवन विश्वविद्यालयका अवकाश प्राप्त विद्यावारिधि गरेका प्राध्यापक वा सहप्राध्यापक हुनुपर्नेछ । सम्बन्धित विषयमा मुख्य लेखक (principal author) वा सम्बद्ध लेखक (Corresponding author) भई SCImago Listed जर्नलमा कम्तीमा तीनवटा लेख प्रकाशित गरेको हुनुपर्नेछ ।

३. नेपाल सरकार निजामती सेवा वा नेपाल सरकारद्वारा मान्यताप्राप्त निकाय वा अनुसन्धान केन्द्रमा रही अनुसन्धान गर्ने गराउने कार्यमा संलग्न कम्तिमा उपसचिव तहको सम्बन्धित विषयमा विद्यावारिधि गरेका अनुसन्धान कर्ता हुनुपर्नेछ । सम्बन्धित विषयमा मुख्य लेखक (principal author) वा सम्बद्ध लेखक (Corresponding author) भई SCImago Listed जर्नलमा कम्तीमा तीनवटा लेख प्रकाशित गरेको हुनुपर्नेछ ।

## लघुअनुसन्धान कार्यका लागि वार्षिक कार्य तालिका

| | | |
|---|---|---|
| १. | प्रस्ताव आह्वान: | २०८३ असार १२ गतेसम्म |
| २. | प्रस्ताव मूल्याङ्कन तथा प्रस्तुतीकरण: | २०८३ साउन १० गतेसम्म |
| ३. | परिमार्जित प्रस्तावपत्र पेस गर्ने तथा करारनामामा हस्ताक्षर: | २०८३ साउन २० गतेसम्म |
| ४. | अनुसन्धान प्रारम्भ: | २०८३ साउन २१ गतेबाट |
| ५. | प्रगति विवरण पेस गर्ने: समयावधि | २०८३ कार्तिक मसान्तसम्म |
| ६. | अन्तिम प्रतिवेदन बुझाउपर्ने समयावधि: | २०८३ माघ २० गतेसम्म |

आवश्यकता परेमा लघुअनुसन्धान समितिले कार्यतालिकामा केही परिवर्तन पनि गर्न सक्नेछ ।

### संलग्न गर्नुपर्ने कागजातहरु

१. शोधप्रस्ताव

२. आवेदन फाराम

३. व्यक्तिगत विवरण

४. क्याम्पसको सिफारिस

५. नियुक्तिपत्र

६. अनुभवको पत्र

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

७. project work को सुपरिवेक्षण वा सहसुपरीवेक्षण गराइसकेको क्याम्पस प्रमुख वा विभागीय प्रमुखबाट प्रमाणित पत्र

८. मेन्टरको स्वीकृति पत्र

९. स्नातक तथा स्नातकोत्तर तहको ट्रान्सक्रिफ्ट

१०. Previously received grant award letter or completion letter

११. Plagiarism checking Report

१२. आंशिक शिक्षकको हकमा अनुसन्धानको अवधिभर अध्यापन कार्यमा संलग्न रहने प्रतिबद्धता ।

**शोधप्रस्तावको ढाँचा**

**1. Title:**

**2. Abstract:**

- **Keywords: (Not more than 5 words)**

**3. Introduction:**

- **Background**
- **Statement of problem**
- **Objectives of the study**
- **Rationale of the study**
- **Research question/hypothesis (If necessary)**
- **Limitation of study**

**4. Review of Literature**

- **Extensive review of literature (recent) in the pertinent area of the study**

**5. Research Methodology**

- **Research design**
- **Experimental procedure**
- **Data collection and analysis plan**

**6. Expected Results**

**7. Novelty/Association to National Priority and Needs**

**8. Future Prospect of the Research Proposal**

**9. Ethical Clearance**

**9. Time Frame**

**10. Estimated Budget**

**11. References (as per the format of IoST Ph.D. Guidelines)**

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५